

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नै छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २८५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ कार्तिक २१ गते बुधबार ❑ 6 Nov. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गण्डकी पदेशसभा सदस्य मनाङे ज्यान मार्ने उद्योगमा दोषी ठहर

**पोखरापत्र संवाददाता**
पोखरा, २० कार्तिक

सर्वोच्च अदालतले गण्डकी प्रदेशसभा सदस्य दीपक मनाङेलाई ज्यान मार्ने उद्योगमा दोषी ठहर गरेको छ।

न्यायाधीशद्वय नहकुल सुवेदी र टेकप्रसाद ढुङ्गानाको इजलासले मंगलबार गण्डकी प्रदेशका पूर्वमन्त्रीसमेत रहेका मनाङेलाई ज्यान मार्ने उद्योगमा तत्कालीन पुनरावेदन अदालत पाटनको फैसलालाई सदर गर्दै दोषी ठहर गरेको हो । तत्कालीन पुनरावेदन अदालत पाटनले मनाङेलाई ज्यान मार्ने उद्योगमा पाँच वर्ष कैद हुने



फैसला सुनाएको थियो। सर्वोच्च अदालतले सोही फैसलालाई सदर गरेको हो । विसं २०६१ सालमा दीपक मनाङे उर्फ 'राजीव गुरुङ' को गुण्डा समूहले अर्का गुण्डा नाइके चक्रे मिलनमाथि तरबार प्रहार गरी हात छिनाएको थियो । ठेक्कापट्टा र असुली धन्दामा कुरा नमिलेपछि मनाङे समूहले चक्रे मिलन समूहमाथि आक्रमण गरेको थियो । ज्यान मार्ने मनसायले आक्रमण गरिएको उल्लेख गरेर मनाङेमाथि जिल्ला अदालत काठमाडौँमा मुद्दा दर्ता गरिएको थियो । उक्त अदालतले सामान्य कुटपिट मात्रै भएको उल्लेख गर्दै मनाङेलाई दुई वर्ष कैद सजाय सुनाएको थियो ।

जिल्ला अदालतको फैसलाविरुद्ध उक्त मुद्दा तत्कालीन पुनरावेदन अदालत पाटनमा दायर भएको थियो। उक्त अदालतले ज्यान मार्ने उद्योगमा मनाङेलाई पाँच वर्षको जेल सजाय ठहर गर्यो । तत्कालीन पुनरावेदन अदालत पाटनको फैसलालाई सर्वोच्च अदालतले सदर गरेको हो ।

## सभापति लामिछानेलाई थप १० दिन हिरासतमा राख्न अदालतको अनुमति

**पोखरापत्र संवाददाता**
पोखरा, २० कार्तिक

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई थप १० दिन हिर ासतमा राखेर अनुसन्धानका लागि कास्की जिल्ला अदालतले मंगलबार अनुमति दिएको छ।

सहकारी ठगी अभियोगमा यही कात्तिक २ गते पक्राउ पर्नुभएका लामिछानेलाई कात्तिक १५ गतेदेखि लागू हुनेगरी तेस्रो पटक १० दिनको म्याद थप गरिएको जिल्ला अदालतका सूचना अधिकारी सुरज अधिकारीले जानकारी दिनुभयो।

यसअघि गत कात्तिक १४ गतेसम्मको म्याद रहेकामा तिहार विदाका कारण अदालत बन्द भएकाले तिहारको विदापछि लामिछानेलाई आज अदालतमा पेश गरिएको थियो । जिल्ला अदालतका न्यायाधीश चन्द्रकान्त पौडेलको इजलासले हिरासतमा राखेर थप अनुसन्धान गर्न अनुमति दिएको सूचना अधिकारी अधिकारीले बताउनुभयो । सभापति लामिछानेलाई कात्तिक ४ गते पहिलोपटक अदालत उपस्थित गराइएको थियो।

## पालो पर्खिएर पर्यटकले लगाए भाइटिका

**पोखरापत्र संवाददाता**
पोखरा, २० कार्तिक



तिहारका अवसरमा होटल संघ पोखरा नेपालले आइतबार पोखराको लेकसाइडमा आयोजना गरेको १७ औं भाइटिका महोत्सवमा विभिन्न १२ देशका ५६ पर्यटकले सहभागिता जनाएका छन् । पर्यटकको उल्लेख्य उपस्थितिका कारण तीन चरण गरेर उनीहरुलाई टिका लगाइएको थियो।

नेपाली संस्कृति संरक्षण गर्दै पर्यटनको प्रबर्द्धन गर्ने उद्धेश्यले महोत्सव आयोजना गरिएको आयोजक संघका अध्यक्ष एवं महोत्सवका संयोजक लक्ष्मण सुवेदीले जानकारी दिए । होटल ल्याण्डमार्कमा भएको महोत्सवका सहभागी पर्यटकलाई रेन्वो चिल्ड्रन होम नेपालका छात्राहरुले टिका लगाइदिएका थिए । सप्तरंगी टिका ग्रहण गरेका पर्यटकलाई छात्राहरुले ढाका टोपी लगाइदिए र सेलरोटी लगायतका परिकार पस्किए । सँगै देउसीभैलो र नाचगानको कार्यक्रम पनि देखाए । सहभागी पर्यटक पनि नाचगानमा साथ दिँदै रमाए। आफ्नो नेपाली नाम लिला राखेकी एक चिनिया पर्यटकले भाइटिका लगाउन पाउँदा आफू प्रफुल्लित भएको र पोखरा शहर पनि आफूलाई उत्तिकै सुन्दर लागेको प्रतिक्रिया दिइन् । महोत्सवमा इजरायल, रसिया, चीन, पोल्याण्ड, अमेरिका, बेलायत, जर्मनी, स्पेन, भारत र जापान लगायतका देशका पर्यटकले सहभागिता जनाएको संघका महासचिव राजेन्द्र ढकालले जानकारी दिए। संस्कृति बचाऔं, पर्यटन प्रबर्द्धन गरौं भन्ने मूल नाराका साथ यो महोत्सव आयोजना गरिएको हो। घरमा जसरी दिदीबहिनीबाट टिका ग्रहण गरिन्छ त्यही तरिकाले पर्यटकलाई टिका लगाइदिने र तिहारबारे जानकारी दिँदै पर्यटकलाई दोहोर्याएर पोखरा आउने वातावरण बनाउन महोत्सवले सघाउने विश्वास संघका अध्यक्ष सुवेदीले व्यक्त गरे । कार्यक्रमको संचालन महासचिव ढकालले गरेका थिए । नेपाल पर्यटन बोर्ड र पोखरा महानगरपालिकाले महोत्सवको प्रबर्द्धन गरेका थिए। गोर्खा वियर र इसेवा होटल्सले महोत्सवलाई सघाएका थिए । अनलाइन पार्टनरमा रिभेल एप रहेको थियो।

## अमेरिकाको चुनावमा इतिहासकै कडा प्रतिस्पर्धा हुने

**रासस**
काठमाडौं, २० कार्तिक

अमेरिकी मतदाताहरूले मंगलबार असाधारण रूपमा अस्थिर चुनावको फैसला गर्दैछन्। फैसलाले या त कमला ह्यारिसलाई अमेरिकी इतिहासको पहिलो महिला राष्ट्रपति बनाउनेछ वा डोनाल्ड ट्रम्पलाई विश्वभर तरङ्ग ल्याउने कमब्याक दिनेछ।

चुनाव दिनमा पहिलो मतदान केन्द्रहरू खुल्दा ६० वर्षीया डेमोक्रेटिक उपराष्ट्रपति ह्यारिस र ७८ वर्षीय रिपब्लिकन पूर्वराष्ट्रपति ट्रम्प आधुनिक समयको सबैभन्दा कडा र अस्थिर ह्वाइट हाउस दौडमा बराबरीमा हुनुहुन्छ । कडा प्रतिद्वन्द्वीहरूले आफ्नो अभियानको अन्तिम दिन आफ्ना समर्थकहरूलाई मतदान गर्न प्रेरित गर्न र स्विङ राज्यहरूमा बाँकी रहेका अनिर्णित मतदाताहरूलाई जित्ने प्रयासमा बिताउनुभयो।

यद्यपि अभियानमा भएका धेरै आश्चर्यजनक मोडहरूका बाबजुद - जुलाईमा राष्ट्रपति जो बाइडेनको पद त्यागबाट ह्यारिसको नाटकीय प्रवेशदेखि लिएर ट्रम्पको दुई वटा हत्या प्रयास र एक आपराधिक दोषी ठहरबाट बचाएसम्म - कुनै पनि कुराले जनमत सर्वेक्षणमा गतिरोध तोड्न सकेको छैन । पूर्वी तटमा स्थानीय समयानुसार बिहान ६:०० बजे मतदान केन्द्रहरू खुले । करोडौँ मतदाताले मतदान गर्ने अपेक्षा गरिएको छ । यसका साथै विगत हप्ताहरूमा पहिले नै आठ करोड २० लाखभन्दा बढी मानिसले अग्रिम मतदान गरिसकेका छन् । नतिजाहरू जनमत सर्वेक्षणले सुझाव गरे जस्तै नजिक भएमा अन्तिम परिणाम थाहा पाउन केही दिन लाग्न सक्छ । यसले गहिरो रूपमा विभाजित राष्ट्रमा तनाव थप्नेछ।

साथै यदि ट्रम्पले हार्नुभयो र सन् २०२० मा जस्तै नतिजालाई चुनौती दिनुभयो भने उथलपुथल र यहाँसम्म कि हिंसाको समेत डर छ। ह्वाइट हाउस वरिपरि अवरोधहरू खडा गरिएका छन् र वासिङ्टनमा व्यवसायहरू बन्द गरिएका छन्।

नतिजाले मध्यपूर्वको द्वन्द्व, युक्रेनमा रूसको युद्ध र ट्रम्पले धोका भन्नुभएको जलवायु परिवर्तनको सामना गर्नमा ठूलो प्रभाव पार्ने भएकाले विश्वले निर्वाचनलाई चिन्तापूर्वक हेरिरहेको छ।

- हरेक एक मत महत्वपूर्ण छ -

ह्यारिस र ट्रम्प सात मुख्य स्विङ राज्य - एरिजोना, जर्जिया, मिशिगन, नेभादा, नर्थ क्यारोलाइना, पेन्सिल्भेनिया, विस्कन्सिनमा प्रभावकारी रूपमा बराबरीमा हुनुहुन्छ। मतदानको अघिल्लो दिन ह्यारिसले जित्नै पर्ने पेन्सिल्भेनिया राज्यमा सबै जोड लगाउनुभयो । 'रकी' चलचित्रले प्रसिद्ध बनाएको फिलाडेल्फियाको सिँढीमा र्याली गर्दै घोषणा गर्नुभयो, "गति हाम्रो पक्षमा छ।" "तथापि यो इतिहासको सबैभन्दा नजिकको दौडहरू मध्ये एक हुनसक्छ - हरेक एक मत महत्त्वपूर्ण छ", लेडी गागा र ओप्रा विन्फ्रेसहित सेलिब्रिटीहरूसँग जोडिनुभएकी ह्यारिसले सावधान गराउनुभयो । दोषी ठहर हुनुभएका र राष्ट्रपति बन्ने सबैभन्दा उमेर पुगेको व्यक्ति हुनुहुने ट्रम्पले आफूलाई टर्मिनल पतनमा रहेको र 'जङ्गली' आप्रवासीहरूले कब्जा गरेको देशको विनाशकारी दृष्टिको एकमात्र समाधानको रूपमा प्रस्तुत गर्नुभयो । "भोलि तपाईंको मतले हामी हाम्रो देशले सामना गरिरहेको हरेक समस्या समाधान गर्न सक्छौँ र अमेरिका - वास्तवमै, विश्वलाई - नयाँ उचाइमा नेतृत्व गर्न सक्छौँ", ट्रम्पले नर्थ क्यारोलाइना र पेन्सिल्भेनिया भ्रमण गरेपछि महत्त्वपूर्ण स्विङ राज्य मिशिगनको ग्र्यान्ड र्यापिड्समा आफ्नो अन्तिम र्यालीमा भन्नुभयो । यसैबीच ह्यारिसले संयुक्त राज्य अमेरिकाभरि ट्रम्प-समर्थित गर्भपतन प्रतिबन्धको आफ्नो विरोधमा जोड दिनुभयो । यो महत्त्वपूर्ण महिला मतदाताहरूसँग उहाँको एक प्रमुख मत-विजयी स्थिति हो । तर उहाँले सकारात्मक स्वर पनि प्रहार गर्नुभयो र हप्तौँसम्म ट्रम्पलाई आफ्ना राजनीतिक विरोधीहरूमाथि बदला लिने उहाँको फोहोरी बयान र दोहोरिएको धम्कीका लागि लोकतन्त्रको खतराको रूपमा सीधै लक्षित गरेपछि उल्लेखनीय रूपमा ट्रम्पको नाम उल्लेख गर्न बच्नुभयो।

- इतिहास रचियो -

ट्रम्पको कमब्याक ऐतिहासिक हुनेछ । उहाँ सन् १८९३ मा ग्रोभर क्लिभल्यान्डपछि अमेरिकी राष्ट्रपतिका लागि दोस्रो पटक गैर-लगातार कार्यकाल पाउने दोस्रो व्यक्ति बन्नुहुनेछ। ट्रम्पको फर्काइले तुरुन्तै अन्तर्राष्ट्रिय अस्थिरतालाई बढावा दिनेछ। युरोप र नाटोका अमेरिकी सहयोगीहरू उहाँको एकान्तवादी 'अमेरिका पहिलो' नीतिहरूबाट चिन्तित छन्। व्यापारिक साझेदारहरूले उहाँको व्यापक आयात शुल्क लगाउने प्रतिज्ञालाई चिन्तापूर्वक हेरिरहेका छन्। ह्यारिसको जितले अमेरिकालाई आफ्नो पहिलो अश्वेत महिला र दक्षिण एशियाली राष्ट्रपति दिनेछ र करिब एक दशकदेखि अमेरिकी राजनीतिमा हावी रहेको ट्रम्प युगको अन्त्यको सङ्केत दिनेछ।

## एक सय ६२ सडक मानवको उद्धार

**पोखरापत्र संवाददाता**
बागलुङ, २० कार्तिक

तेइस दिनअघि देखि प्रारम्भ भएको मानव सेवा आश्रमको मेची-महाकाली राष्ट्रिय उद्धार यात्रा अभियान मंगलबार बागलुङ आइपुगेको छ।

आश्रमका केन्द्रीय अध्यक्ष रामजी अधिकारी, उद्धार अभियानका सहयोगकर्ता आनीछोयङ्ग डोल्मा सहितको ५० सदस्यीय समूहले हालसम्म एक सय ६२ सडक मानवको उद्धार गरेको जनाएको छ। समूहले एक सय २१ पुरुष, ३६ महिलाका साथै चारजना बालिका र एकजना बालकको उद्धार गरेको हो । अभियानकै क्रममा



हाल गण्डकी प्रदेशमा उद्धार अभियान जारी रहेको अध्यक्ष अधिकारीले बताउनुभयो । "पोखरामा दुई बालिकाको उद्धार गरेका छौँ", उहाँले भन्नुभयो । यसैबीच, कार्यक्रममा बागलुङका स्थानीय तीर्थप्रसाद श्रेष्ठले निर्माणाधीन मानव सेवा आश्रमको भवन निर्माणका निम्ति एउटा कोठा बराबरको सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको छ । धौलागिरिका चार जिल्ला कार्यक्षेत्र भएको बागलुङ शाखामा ६३ जना सहयोगापेक्षी आश्रित छन् । हाल मानव सेवा आश्रमको भवन बागलुङ नगरपालिका-४ निरयघाटमा निर्माणाधीन छ। चाडपर्वमा कोही सडकपेटीमा बस्न नपरोस् भन्ने उद्देश्यले मेची-महाकाली राष्ट्रिय उद्धार अभियान प्रारम्भ भएको हो । अभियानको खर्च गायिका आनीछोयङ्ग डोल्माले व्यहोर्नु भएको हो। मेची-महाकाली राष्ट्रिय उद्धार यात्रामा ५० जना यात्री छन् । केन्द्रले सातवटै प्रदेशका १९ जिल्लामा २५ वटा शाखामार्फत सेवा गर्दै आएका छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# शुक्ला साहित्य राष्ट्रिय पुरस्कार भाषाविद् उपाध्यायलाई अर्पण

**पोखरापत्र संवाददाता**
पोखरा, २० कार्तिक

यस वर्षको शुक्ला साहित्य राष्ट्रिय पुरस्कार साहित्यकार एवं भाषाविद् मुकुन्द शरण उपाध्यायलाई अर्पण गरिएको छ।

जनस्तरवाट रकम संकलन गरी शुक्ला साहित्य प्रतिष्ठान बाटुलेचौरद्वार स्थापित सो पुरस्कार भाषाविद् उपाध्यायलाई विहीवार एक कार्यक्रमका विच प्रदान गरिएको हो । नगद ५५ हजार ५ सय ५५ रुपैयाँ र सम्मानपत्र सहितको पुरस्कार गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य खड्का विखर्ची, प्रतिष्ठानका अध्यक्ष हरिवहादुर वरुवालले अर्पण गर्नुभयो । लामो समय देखि अस्वस्थ रहनुभएका साहित्यकार उपाध्यायले यसअघि प्राकृत पोखरा कृतिका लागी मदन पुरस्कार प्राप्त गर्नुभएको थियो ।सम्मानित भएपछि साहित्यकार उपाध्यायले पोखराको प्राकृत साहित्यलाई बचाई राख्न, नयाँ पुस्तालाई आग्रह गर्नुभयो। कार्यक्रममा गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य खड्का विखर्चीले साहित्यमा दलगत राजनिती भित्रिएकोमा चिन्ता व्यक्त गर्दै, साहित्य राजनिती भन्दा धैरे माथि रहेको स्पष्ट पार्नुभयो । उहाँले साहित्य, समाजको दर्पण




भएको भन्दै, समाज उपयोगी साहित्य लेखनमा लाग्न सुझाव दिनुभयो । प्रतिष्ठानका अध्यक्ष हरिवहादुर वरुवालले आफ्नै क्षेत्रका राष्ट्रिय व्यक्तित्वलाई सम्मान गर्न पाउँदा संस्थाको गरिमा बढेको वताउनुभयो। राष्ट्रिय पुरस्कारवाट यसअघि मदनकृष्ण श्रेष्ठ हरिवंश आचार्य,डा रविलाल अधिकारी,साहित्यकार सरुभक्त श्रेष्ठ, वरिष्ठ काटुनिष्ट दुर्गा वराल वात्सायन,चेतमानसिंह भण्डारी, जनगायकजीवनशर्मा,लोकगायिका हरिदेवी कोईराला, साहित्यकार हंशपुरे सुवेदी,भाषाविद् चुडामणि बन्धु र संस्कृतिकर्मि प्राडा जगमान गुरुङलाई प्रदान गरिसकिएको छ ।कार्यक्रममा प्रतिष्ठानका संरक्षक कवि कुञ्जराज थापा, सल्लाहकार असफल गौतम, श्रष्टा छनौट समितिका संयोजक अग्नीधर शर्मा, साहित्यकार गेहेन्द्रश्वर पोखरेली लगायतले साहित्य विकृत राजनितीलाई सुधार गर्न तर्फ केन्द्रित हुनुपर्नेमा जोड दिए ।प्रतिष्ठानका अध्यक्ष वरुवालको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत वरिष्ठ उपाध्यक्ष दुर्गादेवी गौतम वस्नेत र संचालन सचिव दिपेन्द्र वाँनियाले गरेका थिए ।सोही अवसरमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको तस्वीरमा माल्यार्पण गर्दै उहाँ प्रति सर्मपित कविता वाचन समेत गरिएको थियो । यसैविच प्रतिष्ठानले संचालन गरेको लोककवि चेत वहादुर वरुवाल लोक साहित्य स्मृति पुरस्कार संस्कृतिकर्मि प्राडा कुशुमाकर न्यौपानेलाई प्रदान गरिने प्रतिष्ठानका सचिव दिपेन्द्र वाँनियाले जानकारी दिनुभयो । चौथों संस्करणको लोक साहित्य पुरस्कार आगामी मंसिर १५ गते वितरण गर्ने जनाएको छ । लोक साहित्य पुरस्कारको राशी १५ हजार ५ सय छ। वि.सं. २०७० मा स्थापित लोक साहित्य पुरस्कार यसअघि गितकार तिर्थ तामाङ, लोकनाथ पोखरेल र कवि रामप्रसाद पौडेलघर्मेलीले प्राप्त गर्नुभएको सहसचिव संजय थापाले जानकारी दिनुभयो ।सोही दिन प्रतिष्ठानको मुखपत्र सेतीको लहर विमोचन सहित प्रतिष्ठानको अधिवेशन हुने वताईएको छ । वि.सं. २०४५ सालमा जनकवि केशरी धर्मराज थापाको परिकल्पनामा स्थापित प्रतिष्ठानले हास्यव्यंग्य, गीत संगीत,समालोचना, साहित्यका विभिन्न विघा, लोक साहित्य, जनवादी र प्रगतिशील सीहित्य, भाषा र नेपाली व्याकरणका क्षेत्रमा योगदान पुर्‍याउने श्रष्टालाई प्रत्येक दुई दुई वर्षमा सो पुरस्कार प्रदान गर्दै आईरहेको छ। प्रतिष्ठानले राष्ट्रिय पुरस्कारका साथै मदनचन्दा स्मृति पुरस्कार, लोक साहित्य पुरस्कार र वाल साहित्य पुरस्कार स्थापना गरी संचालन गरेको छ भने श्रीकृष्ण जन्माष्टमीमा राष्ट्रियस्तरको भजन प्रतियोगिता पनि गर्दै आईरहेको छ।

# पुम्दीकोटमा पर्यटकको चहल पहल



**पोखरापत्र संवाददाता**
पोखरा, २० कार्तिक

मानव निर्मित नयाँ पर्यटकीय गन्तव्य बिशाल महादेवको मुर्तिमा आन्तरिक तथा बाह्यि पर्यटकको चहल पहल बढेको छ।

नेपालीहरुको महान पर्व तिहारको अवसरमा केही दिन देखि पुम्दीकोट क्षेत्रमा पर्यटकहरुको चहल पहल बढेको स्थानियले बताउनु भयो। पोखरा २२ पुम्दी भुम्दीको पुम्दीकोटमा रहेको बिशाल महादेवको मुर्ति सहित दृश्यावलोकनको लागि स्वदेशी तथा विदेशी पर्यटकहरुको हिजोआज चहल पहल बढेको पुम्दीकोट कोट बिकास समितिका अध्यक्ष एवं उद्योगपति चन्द्रकान्त बरालले बताउनु भयो । सार्वजनिक बिदाको दिनमा भने एकै दिनमा ५ हजार भन्दा बढी आन्तरिक तथा बाह्यि पर्यटकहरु पुम्दीकोटमा रहेको बिशाल महादेवको मुर्ति अवलोकन गर्न पर्यटकहरु आउने गरेको अध्यक्ष बरालले दाबी गर्नु भयो । पछिल्लो समयमा पोखराको नयाँ पर्यटकीय गन्तव्यको रुपमा परिचित भएको उक्त क्षेत्रमा पोखरा आएका करिब ९० प्रतिशत जसो पर्यटकहरु आउने गरेको अध्यक्ष बरालले जनाउनु भयो। पुम्दीकोट क्षेत्रको बृहत बिकास ४० करोडको परियोजना अर्न्तगत केही अधुरा कामहरु अझै बाँकी रहेको समितिले जनाएको छ । उक्त परियोजनामा पोखरा महानगरपालिका, गण्डकी प्रदेश सरकार, संघ सरकार र विभिन्न व्यक्ति तथा संघ संस्थाहरुको सहयोगमा बिशाल महादेवको मुर्ति सहितको विभिन्न भौतिक संरचना निर्माण भएको हो।

# पृथ्वीराजमार्गको ६३ किमी कालोपत्र सम्पन्न

**पोखरापत्र संवाददाता**
तनहुँ, २० कार्तिक

मुग्लिन-पोखरा सडकअन्तर्गत पूर्वी खण्डमा दुई लेनको ६३ किलोमिटर सडक कालोपत्र गरिएको छ । आयोजनाको पूर्वी खण्डका अनुसार २९ किमी चार लेन र पाँच किमी दुई लेनको सडकमा कालोपत्र गरिएको हो।

तिहारको समयमा पनि काम भएको आयोजनाको पूर्वी खण्डका इन्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो। "यस खण्डको हालसम्म ६८ प्रतिशत कार्य प्रगति भएको छ," उहाँले भन्नुभयो, "चाडवाड सकियो अब निर्माणले झन् गति लिन्छ ।" पृथ्वीराजमार्गअन्तर्गत तनहुँको व्यास नगरपालिका-४ को दमौली बजार र व्यास-५ को चापाघाट जोड्ने मादी नदी पुलको निर्माणको भौतिक प्रगति ४५ प्रतिशत पुगेको उहाँले जानकारी दिनुभयो । तीन सय १५ मिटर लामो यस पुल 'आर्क डिजाइन'को चार लेनको हुनेछ। आयोजनाका अनुसार पर्यटकलाई आकर्षण गर्ने उद्देश्यले पुल डिजाइन गरिएको छ।

पर्यटक पनि आकर्षित गर्ने भनी कलात्मक निर्माण गर्न लागिएको ठेकेदार कम्पनीका साइट इन्चार्ज दिनेश श्रेष्ठले जानकारी दिनुभयो । पुलको सातवटा ' फाउन्डेसन' निर्माण गरिएको छ ।

हाल पानीमुनि पाइलिङ, पाइल क्याप र पिलरको काम पूरा गरी पानीमाथि 'सुपर स्ट्रक्चर' निर्माण भइरहेको छ । हाल रहेको दुई लेनको पुलबाट करिब ५० मिटर उत्तरतर्फ नयाँ पुल निर्माण भइरहेको र पुल निर्माणका लागि एक अर्ब २१ करोडमा ठेक्का सम्झौता भएको आयोजनाको पूर्वी खण्डका इन्जिनियर पाण्डेले जानकारी दिनुभयो।

पाण्डेका अनुसार नेपालमै पहिलोपटक चार लेनको पुल निर्माण भइरहेको र तीन वर्षभित्र निर्माण पूरा गर्ने लक्ष्य छ । निर्माणाधीन सोही पुल नजिक दुई लेनको तीन सय ७० मिटर लामो पुलबाट हाल सवारी आवतजावत भइरहेका छन्। कूल ८१ किलोमिटर लम्बाइ रहेको मुग्लिन-पोखरा सडकको विस्तार विसं २०७८ वैशाखदेखि सुरु भएको हो।

हाल उक्त राजमार्ग दुई लेनको छ। पूर्वी र पश्चिमी खण्ड गरी दुई भागमा विभाजन गरी विस्तार सुरु गरिएको सो सडकको पूर्वी खण्ड (मुग्लिन-जामुने) को लम्बाइ ४१.४५ किलोमिटर र पश्चिम खण्ड (जामुन-पोखरा) को लम्बाइ ३९.५५ किलोमिटर छ।


## Embassy of India
## Kathmandu (Nepal)

## Vacancy Announcement

1. ECHS Branch, Defence Wing, Embassy of India invites applications for the following post for ECHS Polyclinic Pokhara:-

| S.N. | Vacancy for the Post | Place |
|---|---|---|
| 1. | Physiotherapist | ECHS Polyclinic Pokhara |

2. For qualification, work experience, salary, terms & conditions and other details, see website www.indemb-kathmandu.gov.in
3. Applications to be submitted at the under mentioned address till 10 Nov 2024.

**Pokhara**
**Officer-in-Charge**
**ECHS Polyclinic**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**
**Tele No. : 061-430232**


# बेमौसमी वर्षात्ले पर्वतमा धानबालीमा क्षति

**पोखरापत्र संवाददाता**
पर्वत, २० कार्तिक

जिल्लाका विभिन्न क्षेत्रमा सोमबार दिउँसो परेको बेमौसमी वर्षाका कारण थन्क्याउने तयारी भएको धानबाली र परालमा क्षति पुगेको छ।

सोमबार दिउँसो परेको वर्षाले खेतमा लटरम्म पाकेको धान झारेको छभने काटेर सुकाएको निहिन र पराल पूरै डुबाएको किसानले गुनासो गरेका छन् । जिल्लाको फलेवास, महाशिला, विहादी, जलजला, मोदी र पैयूँ गाउँपालिकाका अधिकांश स्थानका किसानले तिहार सकिएलगत्तै धान भित्र्याउने तयारी गरेका थिए।

कतिपयको तिहार अघिदेखि काटेर सुकाएको र कतिपयको सोमबार बिहान काटेको धान नष्ट गरेको मोदी गाउँपालिका-२ देउपुरका प्रकाश चापागाईंले जानकारी दिनुभयो । धान थन्क्याइसकेका किसानले दाइँ हालेर टौवा बनाउने तयारी गरेका बेला पराल रुझेको गुनासो गरेका छन् । रुझेको पराल कुहिएमा गाईभैंसीले




नखाने भएकाले केही दिन लगातार सुकाउनुपर्ने समस्या भएको ठुलीपोखरीका किसान रामप्रसाद सापकोटाले बताउनुभयो। कृषि ज्ञान केन्द्रका बाली संरक्षण अधिकृत शङ्कर पौडेलले जिल्लाका सबैजसो पालिकामा थन्क्याउने तयारी गरेको धानमा वर्षाले नोक्सानी पुर्‍याएको बताउनुभयो । यसअघि यही कात्तिक ६ गते पनि असिनापानी पर्दा क्षति भएको थियो । त्यतिबेला बचेको धान अहिले थन्क्याउने बेलामा फेरि असर गरेको उहाँको भनाइ छ।

क्षतिको यकिन विवरण सङ्कलनको काम भइरहेको उहाँले बताउनुभयो । धान पर्वतको मुख्य बाली हो । पटकपटक आएको असिना र भारी वर्षाले धानबालीमा क्षति पुर्‍याएपछि यसपटक उत्पादनमा पनि कम हुने भएको छ। रोप्ने बेलामा मौसम अनुकूल परेका कारण यस वर्ष उत्पादन बढ्ने आकलन गरिएको भए पनि अहिले क्षति पुगेको कार्यालयले जनाएको छ।


## कपालको उपचार
### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# सहकारी बचतकर्ताको रकम फिर्ता

सहकारी बचत अपचलन गर्नेलाई कार्वाहीको माग भइरहेको छ। सहकारीमा बचत अपचलन गर्नेहरु कार्वाहीको दायरामा ल्याउन दबाब परेको छ। बचत कर्ताको रकम फिर्ता गराउन सरकारले समस्याग्रस्त सहकारी घोषणा गरेको छ। संघीय सरकारमा दर्ता भएकामध्ये २२ वटा सहकारीलाई समस्याग्रस्त घोषणा गरिएको छ। सदस्यसचिव केशवप्रसाद पौडेलका अनुसार समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयमा २२ वटा सहकारीका ६२ हजार ७६० बचतकर्ताले ३९ अर्ब ९३ करोड ५६ लाख ६६ हजार ७१० रुपियाँ अपचलन भएको दाबी गर्दै निवेदन दिएका छन्। स्ट्यान्डर्ड मल्टिपर्पोज कोअपरेटिभ, कुबेर बचत तथा ऋण सहकारी संस्था र स्टान्डर्ड सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ लिमिटेडले बचतकर्ताको सम्पूर्ण बचत रकम फिर्ता गरेका छन्।

भूमिसुधार तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले अहिलेसम्ममा छ हजार १५५ जना बचतकर्ताको सबै बचत रकम फिर्ता भएको बताएका छन। उनका अनुसार ती बचतकर्ताको एक अर्ब ४८ करोड ५१ लाख ३७ हजार ७१५ रुपियाँ फिर्ता भएको छ। अन्य ४३८ जना बचतकर्ताको तीन करोड एक लाख ९९ हजार १८४ रुपियाँ दामासाहीमा फिर्ता गरिएको छ। मन्त्री अधिकारी भनाइमा "यसो गर्दा पूरै र आंशिक गरी छ हजार ५९३ बचतकर्ताले जम्मा गरेको एक अर्ब ५१ करोड ५३ लाख ३६ हजार ८९९ रुपियाँ फिर्ता पाएका छन। जुन सहकारी हो, त्यसैको पुँजी भौतिक सम्पत्ति र लगानी गरेको ऋण असुलीबाट रकम संकलन गरेर दामासाहीले बाँड्दै जाने योजना छ।

दायित्व भुक्तानी र सम्पत्ति व्यवस्थापन हुन बाँकी सहकारीबाट बचतकर्ताको पैसा फिर्ता गराउने प्रक्रिया अघि बढाइएको जानकारी दिँदै मन्त्री अधिकारीले चालु आर्थिक वर्षभित्र नौ वटा सहकारी संस्थाको हिसाब राफसाफ गर्ने प्रतिबद्धता जनाएका छन्। १३ हजारभन्दा बढी ऋणीबाट २३ अर्ब ६२ करोड ९६ लाख रुपियाँ असुली गर्ने कार्य अघि बढेको छ। सरकारले गठन गरेको समस्याग्रस्त सहकारी ब्यवस्थापन समितिका अध्यक्ष श्रीमणकुमार गौतमले कानुनी समस्या निरूपण गरी बचतकर्ताको रकम फिर्ता गराइने भनाइ अनुसारको कार्यान्वयन कति हुन्छ हेर्न बाँकी छ। बैंकमा धितो राखिएको सहकारीको जग्गाका सन्दर्भमा बैंकहरूसँग संवाद गरेर समाधान निकालिने अध्यक्ष गौतमको भनाइ अब व्यबहारबाट देखाउनुपर्छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बड्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शारीरिक झमेला | धनु | : शुभ यात्रा |
| कर्कट | : मानसिक तनाब | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# आँबुखैरेनीबाट चार लाखबढीको फूल बिक्री

**पोखरापत्र संवाददाता**
तनहुँ, २० कार्तिक

आँबुखैरेनी गाउँपालिका-१ स्थित सयपत्री याञ्चोकटार लघुउद्यमी महिला समूहले दसैं तथा तिहारमा चार लाखबढीको फूल बिक्री गरेको छ। गाउँपालिका मातहतबाट पहिलो र दोस्रो चरणमा गरी उक्त मूल्य बराबरको फूल बिक्री गरेको हो।

समूहले प्रतिकिलो रु तीन सय ५० र प्रतिमाला रु एक सयमा बिक्री गरेको जनाएको छ। उत्पादित फूल स्थानीय बजारका साथै पोखरामा बिक्री गरिएको समूहकी अध्यक्ष सुन्तली गुरुङले जानकारी दिनुभयो। उहाँका अनुसार तेस्रो र चौथो चरणको फूल छठ, एकादशी र मङ्सिरमा हुने बिहेबारीलगायत अवसरमा रु लाख ५० हजार बराबरको बिक्री गर्नेगरी तयारी भइरहेको छ। समूहमा आबद्ध ७० जना महिलाले ४० रोपनी क्षेत्रफलमा ४० हजार सयपत्री फूलका बिरुवा लगाएका अध्यक्ष गुरुङले बताउनुभयो। गाउँपालिकाले महिलाको आयआर्जन वृद्धि गर्दै पालिकालाई फूलखेतीमा आत्मनिर्भर बनाउन ८५ प्रतिशत अनुदानमा बिउ उपलब्ध गराएपछि महिलाहरु फूलखेतीतर्फ आकर्षित भएका हुन्। तेस्रो र चौथो टिपाइका लागि सुक्ष्म खाद्यतत्व प्रयोग गर्ने योजना रहेको आँबुखैरेनी गाउँपालिका कृषि शाखा प्रमुख सन्तोष केसीले बताउनुभयो। पालिकाले उत्पादित फूलको बजारीकरणमा समन्वय गर्दै आएको भन्दै आगामी वर्षदेखि अनुगमन र निगरानी पनि गर्ने उहाँले जानकारी दिनुभयो।

केसीले भन्नुभयो, "समूहका महिला फूल उत्पादन र बिक्री गर्न सक्षम भइसकेका छन्। यसलाई व्यावसायिक बनाउन पालिकाले अनुगमन गरी थप योजना बनाउँदै जानेछ।" यहाँ उत्पादित फूल र माला आकर्षक भएकाले बाहिरबाट निर्यात फूलले प्रतिस्पर्धा गर्न नसकेको बताउनुभयो।

# धानखेत मासेर किबीखेती : बजारमा उच्च माग

**पोखरापत्र संवाददाता**
बागलुङ, २० कार्तिक

एकपटकको लगानीले वर्षौंसम्म आम्दानी दिने बहुगुणी फल किबीप्रति बागलुङका किसानको आकर्षण छ। काठेखोला गाउँपालिका-५ थामडाँडाका इन्जिनियर खिमानन्द कँडेलले १२ रोपनी जग्गामा किबीखेती गर्नुभएको छ।

गत वर्ष पाँच सय केजी किबी बजार पठाउनुभएका उहाँको किबी बगैचामा यस पटक दोब्बर बढी उत्पादन भएको छ। गत वर्षदेखि उत्पादन दिन थालेको किबी वार्षिक रुपमा ५०० केजी भन्दा बढीका दरले उत्पादनमा वृद्धि हुँदै आएको छ। किबीको मूल्य क्रमशः घट्दै गए पनि उत्पादन बढ्दै गएको कँडेलको भनाइ छ। उहाँजस्ता सयौं किसानले किबीलाई प्राथमिकतामा राखेर खेती गर्न थालेका छन्। प्रतिकेजी रु तीन सयमा बिक्री हुँदै आएको किबीले क्रमशः बजार पाउन थालेपछि यहाँका किसान उत्साहित भएका छन्।

"सुरुमा बढी मेहनत लाग्छ किबीमा २०७७ सालमा लगाएको किबीले गत वर्षदेखि उत्पादन दिन थाल्यो, अघिपछि स्याहार गरिरहन पर्दैन, जागिर तथा अन्य काम गरेर पनि किबीखेती गर्न सकिन्छ", उहाँले भन्नुभयो, "कोरोनाकालमा बाँझो बारीलाई सदुपयोग गर्न लगाएको किबीले वर्षभरिको घर खर्च पुगे भइहाल्यो, कोदो जम्मा आठ-दश मुरीमात्र फल्थ्यो पहिला त्यही बारीमा।" बागलुङमा थोरै लगानीमा राम्रो आम्दानी गर्ने उत्कृष्ट फलफूलखेतीका रूपमा किबीलाई लिन थालेपछि यहाँका किसान उत्साहित भएका छन्। ई कँडेलले यो वर्ष रु तीन लाख बढीको किबी बिक्री गर्ने लक्ष्य लिनुभएको छ। पछिल्लो समय बसाइँसराइका कारण बाँझो जग्गा बढ्दै गएको, खेतीयोग्य अन्य जग्गामा काम गर्ने जनशक्ति अभाव भइरहेका सन्दर्भमा जग्गाको सदुपयोग गर्ने प्रमुख माध्यम किबी बनेको छ। काठेखोला गाउँपालिका-७ रेशका वडाध्यक्ष प्रेम लामिछाने यस वर्ष २० क्विन्टल किबी फलेको बताउनुभयो। उहाँले किबीको बजारीकरणका लागि स्थानीय तहलाई नीति बनाउन आफूले सुझाएको जानकारी दिनुभयो।

"बीस क्विन्टल किबी फलेको छ, एकैपटक बजारमा पुग्दा बिक्री नहुन सक्छ, कम्तीमा एक महिना राखेर बिक्री गर्न सके राम्रै आम्दानी हुन्छ", उहाँले भन्नुभयो, "एकपटक लगाउने, समय-समयमा हेरचाह गर्ने र थाक्रो व्यवस्थापन गरेपछि सहजै किबी फल्छ, तरकारीखेतीलाई जस्तो स्याहार गर्नु पर्दैन, फुर्सदको समय उपभोग पनि हुने आम्दानी पनि हुने।" किबीलाई सुन्तलाको जस्तै बजारीकरणको भने आवश्यकता रहेको अनुभव सुनाउनुहुन्छ। किबीको उत्पादन बढेपछि रु छ सय पर्ने किबीको मूल्य भने घटेर रु तीन सय प्रतिकेजीमा झरेको छ। गाउँ-गाउँमा उत्पादन भएको किबी अहिले बागलुङ बजारमा देखिन थालेको छ। केही वर्ष पहिलासम्म आयात गरेको किबी बिक्री गर्दै आएका यहाँका फलफूल व्यवसायी अहिले बागलुङकै गाउँ-गाउँमा उत्पादन भएको किबी बिक्री गर्न भ्याइनभ्याइ भएको बताउँछन्।

बागलुङ नगरपालिका-८ सिगानाका पूर्ववडाध्यक्ष जितबहादुर जिसीले धानखेत मासेर सुन्तला र किबीखेती गर्दै आउनुभएको छ। बहुगुणी फल भएको भन्दै जिसीले घरमा खाने र पाहुनालाई समेत पठाउने गरेको बताउनुभयो। आफू वडाध्यक्ष हुँदा किसानलाई सुन्तला र फलफूलखेतीमा आकर्षण गर्न आफैँबाट सुरु गरेको बताउनुभयो। बागलुङ -१० भकुण्डेका हर्कबहादुर थापा, निसीखोला गाउँपालिका-४ स्थित तुलसीराम रेग्मी, गलकोट नगरपालिका-१ दुदिलाभाटीका गुमानसिंह खत्री, निसीखोला गाउँपालिका-४ स्थित लीला घर्ती र ताराखोला गाउँपालिका-५ का नरबहादुर रानालगायत बागलुङका करिब एक सयभन्दा बढी किसान किबीको व्यावसायिक खेतीमा लाग्नुभएको छ। केही नयाँ हुनुहुन्छ भने केही किबीका पुराना किसान हुनुहुन्छ। पहाडी जग्गाको सदुपयोगसँगै बहुगुणी फल किबीको राम्रो सम्भावना देखेपछि किसान उत्साहित भएका हुन्। मलजल र थाक्रो राम्रो भएमा एउटै बोटमा धेरै किबी फलाउन सकिने किबी किसान मेहरसिंह पाइजाले बताउनुभयो। किबीको नियमित सेवनबाट गर्भवती, रक्तचाप, मुटु र रुघाखोकीलगायत बिरामीलाई विशेष फाइदा पुग्ने भएकाले पनि बजारमा यसको माग बढी भएको स्वास्थ्यकर्मीको भनाइ छ। किबीखेती एक हजार दुई सयदेखि दुई हजार फिटसम्मको उचाइमा लगाउन सकिने कृषि ज्ञान केन्द्र बागलुङका बाली विकास अधिकृत कुमार पुनले बताउनुभयो।

# स्व. नरहरि देवकोटा स्मृति समाजसेवा पुरस्कार मानव सेवा आश्रमलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २० कार्तिक



यस वर्षको स्व. नरहरि देवकोटा स्मृति समाजसेवा पुरस्कार पोखराको मानव सेवा आश्रमलाई प्रदान गरिने भएको छ।

पोखराको अग्रणी सामाजिक संस्था हिमालय क्लव, वाटुलेचौरल संचालन गरेको सो पुरस्कार मानव सेवाको क्षेत्रमा उल्लेखनिय योगदान पुर्‍याएको भन्दै आश्रमलाई प्रदान गरिने शुक्रवार पत्रकार सम्मेलनको आयोजना घोषण गरेको हो। समाजसेवा पुरस्कारका लागी पुर्व अध्यक्ष जीवनारायण श्रेष्ठको संयोजकत्वमा निवर्तमान अध्यक्ष सुशील वस्नेत, पुर्व अध्यक्ष ताराप्रसाद तिमिल्सीना, सल्लाहकार खिमलाल अधिकारी र संस्थापक मध्यवाट यादवचन्द्र देवकोटा सदस्य रहको छनौट समितिले गरेको निर्णयलाई अनुमोदन गर्दै नगद १५ हजार र सम्मानपत्रले यही कार्तिक २२ गते आयोजना हुने २८ औं स्थापना दिवसको मुल समारोहमा आश्रमलाई पुरस्कार प्रदान गरिने सुचना अधिकारी शिवराज देवकोटाले जानकारी दिनुभयो। सो पुरस्कार यसअघि उद्योगपति गणेश वहादुर श्रेष्ठ, तेज वहादुर गुरुङ, लायन स्व. गोविन्द वहादुर केसी, अग्रज भलिवल खेलाडी स्व. उदय वहादुर वस्नेत, सिद्धार्थ क्लव र नव आर्दश सामुदायिक विकास संस्थालाई प्रदान गरिएको थियो।सोही अवसरमा पवित्र प्रेमनारायण शैक्षिक पुरस्कार वडा नं. १६ भित्रका सरकारी विद्यालयवाट कक्षा १२ को परिक्षामा उत्कृष्ट जिपिए ल्याउने बिन्ध्यवासिनी माविका छात्रा श्रेया आचार्य र छात्र आशिष पोखरेललाई जनही ५ हजार र प्रमाणपत्रले सम्मान गरिने छ। हिमालय क्लवले स्थापना गरेको एकल महिला सहयोग बाटुलेचौरका विबा नेपाली र अर्मलाका तिला विकलाई जनही ५ हजार प्रदान गरिने छ।त्यस्तै समाजसेवी कृष्णप्रसाद अधिकारी र प्रभा कोईरालाद्वारा स्थापित नगद ५ हजार राशीको स्वर्गीय सावित्री लिलाधर उत्कृष्ट कृषक पुरस्कार चमेरी गुफा कृषक समुहलाई प्रदान गरिने क्लवले जनाएको छ। क्लवले यही कार्तिक २२ गते विभिन्न कार्यक्रम गरी मनाउने स्थापना दिवसको तयारी अन्तिम चरणमा पुगेको जनाएको छ।

दिवसका अवसरमा २७ औं रक्तदान तथा चियापान कार्यक्रम गर्ने र सोही दिन क्लवद्वारा संचालित विभिन्न पुरस्कार, सहयोग वितरण तथा विभिन्न साँस्कृतिक कार्यक्रम गरिने क्लवका अध्यक्ष मोहनवहादुर थापाले जानकारी दिनुभयो।रक्तदान कार्यक्रममा नेपाल रेडक्रस सोसाईटी पोखरा १६ उपशाखा र रक्त संचार केन्द्र सहयोगी संस्थाको रुपमा रहेका छन्। पत्रकार सम्मेलनमा वोल्दै क्लवका अध्यक्ष थापाले विभिन्न महामारीका कारण पोखरामा रगतको अभाव देखिएकाले रक्तदान गर्न आव्हान गर्नुभयो। उहाँले सवैको साथ र सहयोगले कार्यक्रम सफल हुने विश्वास व्यक्त गर्नुभयो।मुल समारोह समितिका संयोजक प्रकाश थापाको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा सल्लाहकार दुर्गा केसी थापा, निवर्तमान अध्यक्ष सुशील वस्नेत, पुर्व अध्यक्ष जीवनारायण श्रेष्ठ, कालिका मन्दिर कोत मामलियत व्यवस्थापन समितिका कोषाध्यक्ष बलराम भट्टराई, पुर्व अध्यक्ष जीवनारायण श्रेष्ठ लगायतले मुल कार्यक्रमको विषयमा चर्चा गनुभएको थियो।पत्रकार सम्मेलनको संचालन सचिव तुलवहादुर वस्नेतले संचालन गर्नुभएको थियो।

सोही अवसरमा क्लव र कालिका मन्दिर कोत मामलियत व्यवस्थापन समितिले नवदुर्गामा कालिका मन्दिरमा आयोजना गरेको दुर्गा पुजाको आय व्यय सार्वजनिक गरेको छ। पुजामा १ लाख ६ हजार ८ सय ५० आम्दानी भएकोमा ४० हजार ७५ रुपैयाँ खर्च भई ६६ हजार ७ सय ७५ रुपैयाँ वचत भएको कोषाध्यक्ष बलराम भट्टराईले जानकारी दिनुभयो। वचत रकम मध्यवाट ३३ हजार ३ सय ८७ रुपैयाँ मन्दिरलाई हस्तान्तरण गरिएको छ।

# सरकारी जागिरसँगै कालिजपालन

**पोखरापत्र संवाददाता**
बागलुङ, २० कार्तिक

यहाँको ढोरपाटन नगरपालिका-२ सलामकोटका चुडामणि कँडेलले छ वर्षदेखि कालिजपालन गर्नुभएको छ।

पेसाले स्वास्थ्यकर्मी कँडेल बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत हुनुहुन्छ। उहाँ कार्यालय बाहेकका समय कालिज फार्ममा खटिनुहुन्छ। कँडेलले काभ्रेपलाञ्चोकबाट तीन पोथी र एउटा भाले कालिज लिएर कालिजपालन सुरु गर्नु भएको थियो। रु २४ हजारमा चार कालिज ल्याएर सुरु गरेको व्यवसायमा कँडेलले हालसम्म रु २५ लाख बढी लगानी गरिसक्नुभएको छ। कालिज व्यवसाय फस्टाउँदै गएपछि हाल चल्लासमेत उत्पादन गरिरहनु भएको छ। रहरले सुरु गरेको कालिजपालनले व्यावसायिक रुप लिएपछि उहाँ दङ्ग हुनुहुन्छ। कँडेलले छ वर्ष अगाडि 'सानो स्वर्ग' नामको फार्म दर्ता गरेर कालिजपालन थाल्नुभएको हो। सुरुमा चल्ला व्यवस्थापनमा समस्या भए पनि हाल ह्याचरीमार्फत चल्ला उत्पादन गरिरहेको उहाँ बताउनुहुन्छ। चल्ला उत्पादन बढ्दै जाँदा बजार पाउन भने मुस्किल पर्न थालेको उहाँले सुनाउनुभयो। "केही वर्ष अघि एउटा कालिज फार्म हेर्ने अवसर मिल्यो, त्यसपछि काभ्रेबाट चार वटा कालिज ल्याएर पाल्न थालेँ, त्यतिबेला मैले व्यवसाय गरुँला भन्ने सोचेको थिइँन", उहाँले भन्नुभयो, "पछि ती चल्ला हुर्केर दुई सय अण्डा दिए, त्यस पछि व्यावसायिक गर्नुपर्छ कि भन्ने सोच आयो। रहरैरहरमा थालेको कालिजपालन अहिले व्यवसायमा रुपान्तरण भयो।" कोभिड-१९को महामारीका बेला एकै पटक पाँच सय वटा कालिज मरेपछि लाखौंको नोक्सानी व्यहोर्नु पर्‍यो। फार्म रित्तो भएपछि पुनः चल्ला ल्याउनुपरेको उहाँले बताउनुभयो। कँडेलले उत्पादन गरेको कालिज बुर्तिबाङ, बागलुङसहित काठमाडौंसम्म पुग्ने गरेका छन्। भाले कालिजलाई रु दुई हजार पाँच सय र पोथी कालिजलाई रु एक हजार पाँच सयमा बिक्री गर्दै आएको उहाँ बताउनुहुन्छ। दसैंमा तीन सय वटा कालिज बिक्री भयो। हाल फार्ममा सात सय कालिज छन्। वार्षिक १२ लाखको कालिज बिक्री हुने उहाँले जानकारी दिनुभयो। एउटा कालिज बिक्रीका लागि तयार हुन करिब सात महिना लाग्छ। उत्पादन अनुसार बजार पाउन सकेमा अझै धेरै आम्दानी लिन सकिने उहाँको भनाइ छ।


गण्डकी प्रदेश सरकार
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
## मातृशिशु मितेरी अस्पताल, पोखरा

## बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०७/२१**

आ.व. ०८१/८२ मा यस अस्पतालको लागि आवश्यक 4k Laparoscopic Surgery Set विधुतीय माध्यमबाट खरिद गर्नु पर्ने भएकोले इच्छुक योग्य फर्म/संस्थाबाट बोलपत्र पेश गर्न सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र आव्हान सम्बन्धी बिस्तृत जानकारीका अस्पतालको वेभसाईट https://msmhospital.gov.np तथा e-GP पोर्टलबाट प्राप्त गर्न सकिने छ।

कार्यालय प्रमुख

# भरतपोखरीमा देउसीभैलो, एकल नृत्य प्रतियोगितासँगै स्रष्टा सम्मान

पोखरापत्र संवाददाता
पोखरा, २० कार्तिक



नेपालीहरूको महान चाड तिहारका अवसरमा भरतपोखरी विकास मञ्चको आयोजनामा पोखरा महानगरपालिका वडा नं ३३ कालिकास्थानमा खुल्ला देउसीभैलो, एकल नृत्य प्रतियोगितासँगै स्रष्टा सम्मान कार्यक्रम सम्पन्न भएको छ। तिहारका अवसरमा परापूर्व कालदेखि मौलिक संस्कृतिमा आधारित देउसीभैलोको मौलिकतालाई जीवन्त राख्ने उद्देश्यका साथ सातौं संस्करणको प्रतियोगिताकोआयोजनागरिएको मञ्चका अध्यक्ष डिल्लीराम बरालले जानकारी दिनुभयो।

प्रतियोगितामा अन्तर्गत देउसीभैलोमा सरस्वती सिस्ने महिला समूह प्रथम, सरस्वती टीका माध्यमिक विद्यालय द्वित्तीय, नेपाल युवा रेडक्रस सर्कल भरतपोखरी उपशाखा तृतीय र शिशुकल्याण माध्यमिक विद्यालय खल्याण गण्डकीबेसीले सान्त्वना स्थान प्राप्त गरेका छन्। विजयी हुने समूहलाई क्रमशः २० हजार, १५ हजार, १० हजार र पाँच हजार रुपैयाँ नगद सहित प्रमाणपत्रबाट कार्यक्रमका प्रमुख अतिथि एवम् पोखरा महानगरपालिका वडा नं ३३ का वडा अध्यक्ष रामचन्द्र अधिकारी तथा भरतपोखरी विकास मञ्चका अध्यक्ष डिल्लीराम बरालले संयुक्त रुपमा पुरस्कृत गर्नुभएको थियो। एकल नृत्यतर्फ स्वतिका आचार्य प्रथम, शिरिषा मल्ल ठकुरी द्वितीय, बिपासा बिक तृतीय र सुनिता अधिकारीले सान्त्वना स्थान प्राप्त गरेका छन। बिजयी हुनेलाई क्रमशः सात हजार, पाँच हजार, तीन हजार र दुई हजार रुपैयाँ नगद सहित प्रमाणपत्रबाट पुरस्कृत गरिएको थियो। कार्यक्रममा देउसीभैलो तर्फ ११ समूह तथा एकल नृत्यतर्फ १४ जनाको सहभागीता रहेको थियो। कार्यक्रमकै अवसरमा नेपाली मौलिक कला सहित्य संगित र अभिनयका लगायतका क्षेत्रमा संलग्न व्यक्तित्वलाई सम्मान गरिएको थियो। जस अन्तर्गत गण्डकी साहित्य संगमका अध्यक्ष साहित्यकार भिम रानाभाटलाई साहित्यिक क्षेत्रमा, सनिशा भट्टराईलाई अभिनयका क्षेत्रमा, चेस खेलाडी पुजा भण्डारीलाई राष्ट्रिय एवम् अन्तराष्ट्रिय चेस खेलाडीका रुपमा र युवा कलाकार सुरेश मल्ल ठकुरी (टुकी) लाई गायन एवम् सांगीतिक क्षेत्रमा योगदान पुऱ्याएको भन्दै सम्मानपत्र, मायाको चिनो तथा दोसल्ला सहित सम्मान गरिएको थियो। कार्यक्रममा राष्ट्रिय लोक दोहरी गायक तुलसा क्षेत्री, रामजी पौडेल, शिबहरि ढुङ्गाना, राष्ट्रिय लोक दोहोरी प्रतिष्ठान गण्डकी प्रदेश सदस्य रामप्रसाद ढकाल र रमा गौतमका विभिन्न सांगीतिक प्रस्तुति रहेको कार्यत्रक्म संयोजक चेतबहादुर महतले जानकारी दिनुभयो। कार्यक्रमको उद्घाटन गर्दै वडाअध्यक्ष रामचन्द्र अधिकारीले भरतपोखरी विकास मञ्चले सामाजिक तथा मानवीय सेवाका साथै मौलिक कला, संस्कृति र साहित्यिक विकासमा योगदान गर्ने स्रस्टाहरुको सम्मानका लागि खेलेको भुमिका प्रति खुलेर प्रशंसा गर्नुभयो। उहाँले सिङ्गो वडाको बिकासका लागि सहकार्य र साझेदारीमा सहयोग गर्न आह्वान समेत गर्नुभयो। मञ्चका अध्यक्ष डिल्लीराम बरालको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन कार्यक्रम संयोजक चेतबहादुर महत र राष्ट्रिय लोक दोहोरी प्रतिष्ठान गण्डकी प्रदेश सदस्य रामप्रसाद ढकालले गर्नुभएको थियो भने स्वागत कार्य समिति सदस्य बिजया भण्डारीले गर्नुभएको थियो। कार्यक्रममा सहयोगदाताहरूको तर्फबाट टुल्कनाथ आचार्य, संस्थाका सल्लाहकारहरु मध्येबाट केशरप्रसाद निर्दोषीले बोल्नुभएको थियो। उक्तअवसरमासचेतनामुलकलागुऔषध दुव्यर्सनी नियन्त्रण एवम् डेङ्गु रोग नियन्त्रण विषय सचेतना गराइएको थियो। कार्यक्रममा पोखरा महानगरपालिका वडा नं ३३ कार्यालय, सामाजिक संघ संस्था, सहयोगदाता तथा विभिन्न सहयोगी व्यक्तित्वबाट उक्त रकम संकलन गरि खर्च ब्यबस्थापन गरिएको संस्थाका कोषाध्यक्ष गोविन्द गौतमले जानकारी दिनुभयो। संस्थाले पोखराका ग्रामीण क्षेत्रलाई केन्द्रित गरि छिट्टै ऐम्बुलेन्स सेवा सञ्चालनमा ल्याउने गरि खाता समेत सञ्चालनमा ल्याएको छ भने शिक्षा, स्वास्थ सेवा, वातावरणर पर्यटनको क्षेत्रमा संस्थाले कार्य गर्दै आईरहेको छ। कार्यक्रममा स्थानीय आमा समूह, टोल विकास संस्था, युवा क्लब विद्यालय, बैंक तथा बित्तिय संस्थाका प्रमुख एवम् प्रतिनिधी, सञ्चारकर्मी लगायतको उल्लेख्य सहभागीता रहेको संस्थाका महासचिव गणेश ढकालले जानकारी दिनुभयो। कार्यक्रममा सहयोगी संघ संस्थालाई मायाको चिनोका साथै दोसल्लाले समेत सम्मान गरिएको थियो।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः
वि.स. १९९४/१२/१२

स्वर्गारोहणः
वि.स. २०८१/०७/०९

स्वः ल्याप्टेन देउ बहादुर गुरुङ

यस विद्यालयका स्थापनाकालका अध्यक्ष पोखरा महानगरपालिका वडा नं. २३ घाँटीछिना निवासी **ल्याप्टेन देउ बहादुर गुरुङ** को ८७ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तव्ध भएका छौं। यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्य धारणा गर्ने शक्ति प्राप्त होस भनि हार्दिक समवेदना व्यक्त गर्दछौं।

शिव परियार
प्रधानाध्यापक

विमल गुरुङ
अध्यक्ष
शिक्षक अभिभावक संघ

हिमानसिं गुरुङ
अध्यक्ष
विद्यालय व्यवस्थापन समिति

एवम् विद्यालय परिवार
पोखरा-२३, कुदबीडाँडा

# वडा सदस्यको निधनमा वालिङ नगरमा शोक विदा

पोखरापत्र संवाददाता
स्याङ्जा, २० कार्तिक

स्याङ्जाको वालिङ नगरपालिकाले बुधवार एक दिन शोक विदा दिने निर्णय गरेको छ।

वालिङ नगरपालिका-११ का वडा सदस्य ताराप्रसाद पराजुलीको निधनमा नगरपालिकाले एकदिन शोक विदा दिने निर्णय गरेको हो। वालिङ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गंगालाल सुवेदीले हस्ताक्षर गरेको शोक विदा सूचनामा वालिङ नगरपालिकाभित्र रहेका नगर कार्यपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था लगायत बन्द रहने उल्लेख गरिएको छ।

फोक्सोसम्बन्धी समस्याबाट पीडित ५९ वर्षीय पराजुलीको मंगलवार निधन भएको छ। स्थानीय तहको चुनाव २०७९ मा वडा सदस्यमा निर्वाचित भएका पराजुली २०७४ को चुनावमा पनि वडा सदस्य निर्वाचित भएका थिए। अत्यन्तै शालिन र सामाजिक व्याक्तित्व रहेका पराजुलीको निधनले वालिङ नगरपालिका शोकमा डुवेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुवेदीले उल्लेख गरेका छन्। वडा सदस्य पराजुलीको निधनले नगरपालिकालाई अपुरणीय क्षती पुगेको समेत शोक सूचनामा उल्लेख गरिएको छ। स्वर्गीय पराजुलीको मंगलवार नै नै कालीगण्डकी तट राम्दीमा अन्तिम संस्कार गरिएको छ। पराजुलीका श्रीमती, चार छोरी र दुई छोरा छन्। स्वर्गिय पराजुली नेपाली काँग्रेसबाट उम्मेदवार बनेर निर्वाचित भएका थिए। पराजुलीको निधनले नेपाली काँग्रेसलाई ठुलो क्षती पुगेको जनाएको छ। नेपाली काँग्रेस वालिङ नगर समितिका सभापति नेत्रप्रसाद पाण्डेले जनताबाट अनुमोदित भएका पराजुलीको निधनले काँग्रेसले पार्टीका संगठक, एक योद्धा र जनप्रेमी नेता गुमाएको बताएका छन्। दुई महिना अगाडी चापाकोट नगरपालिकाका वडा सदस्यको निधन भएको थियो।

## सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे १५ दिने अत्यन्त जरुरी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८१।०७।२१ (पोखरापत्र राष्ट्रिय दैनिक)**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले चल अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं हर्जना ब्याज र अन्य दै-दस्तुर रकम समय भित्र नतिरी, नबुझाई यस संस्था सँग गर्नु भएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा मिति २०८१।०६।१५ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋण चुक्ता गर्ने सम्बन्धी ३५(पैतिस) दिने सार्बजनिक सूचना प्रकाशित गरी जानकारी गराउदा समेत सस्थालाई तिर्नु बुझाउनु पर्ने बक्यौता रकम चुक्ता गर्न नआउनु भएकोले पुनः दोस्रो पटक ऋण चुक्ता गर्ने सम्बन्धी १५ (पन्ध्र ) दिने यो सार्बजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस संस्थालाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जना व्याज तथा अन्य दै-दस्तुर रकम चुक्ता गर्न गराउन हुन ऋणी सदस्य, ऋणको धितो सुरक्षण लेखाइ दिनुहुने धनी जमानी कर्ताहरुलाई जानकारीको लागी यो सूचना प्रकासित गरिएको छ। अन्यथा तपाइले ऋण सुरक्षण वापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति र नेपालको प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी सस्थाको लेना रकम असुल उपर गर्ने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ। धितो सुरक्षण अपर्याप्त हुन गई ऋण असुली हुन नसकेमा ब्यक्तिगत धनजमानी दिने तपसिलका ब्यक्तिहरुको स्वामित्वमा रहेको तथा निजहरुको एकाघरको हक लाग्ने चल अचल सम्पतिबाट समेत कर्जा असुल उपर गर्न आवश्यक कारबाहि प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ। साथै नियमित किस्ता नभएका अन्य ऋणी सदस्यहरुले पनि नियमित किस्ता तिर्न यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपसिल**

| क्र सं. | ऋणी सदस्यको विवरण | ऋणीको फोटो | धनजमानीको विवरण | जमानीको फोटो |
|---|---|---|---|---|
| १. | सदस्यता न : ८८३<br>१. **नाम** : **हिरादेबी पोखेल**<br>जन्म मितिः : २०४१/०७/२९<br>ना.प्र.नं : १२९५<br>जारी मितिः : २०५९/०५/१६<br>पति : बिष्णु पोखेल (पाध्य)<br>बाबुः : चेतभक्त पौडेल<br>बाजे/ससुराः : शशिधर<br>ठेगाना साविक : सल्यान ०६ कास्की<br>हाल : अन्नपूर्ण ०४ कास्की<br>सम्पर्क नं. : ९८५६०३०८०७<br>**धितो विवरणः** श्री हिरादेबी पोखेलको नाममा रहेको मालपोत कार्यालय कास्की र तनहुँमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला साविक लाचोक गा.बि.स. वडा नं. २ स्थित कित्ता नं.६४ क्षेत्रफल २-२-२-२ रोपनी, तनहुँ जिल्ला दलभञ्याङ्ग वडा न. ०३ कि. न. ३३ क्षे.१-५-०-० रोपनी |  | १. **नामः** : **सन्ध्या पोखेल**<br>ना.प्र.नं. : ४६-०१-७६-०६४९७<br>जन्म मितिः : २०५९।०२।१८<br>जारी मिति. : २०७६।१०।०३<br>बाबुः : बिष्णु पोखेल (पाध्य)<br>बाजे ससुरा : शशिधर<br>ठेगानाः : अन्नपुर्ण ०४ कास्की<br>हाल : अन्नपुर्ण ०४ कास्की<br><br>**नामः** : **इन्द्रशोभा पौडेल**<br>ना.प्र.नं. : ४६-०१-६९-०१२४४<br>जन्म मितिः : २०२७।११।०१<br>जारी मिति. : २०६९।०६।१५<br>पति : चेतभक्त पौडेल<br>बाबुः : ऋषीराम बराल<br>बाजे ससुरा : ऋषिराम पौडेल<br>ठेगाना साविक : घाचोक ०६ कास्की<br>हाल : पोखरा ११ कास्की<br>सम्पर्क नं. : ९८४६०६४३३७ | <br> |
| २. | सदस्यता न : ८०१<br>१. **नाम** : **लाल बहादुर गुरुङ**<br>जन्म मिति : २०११।०३।०३<br>ना.प्र.नं. : ३४०<br>जारी मितिः : २०३७।०३।०३<br>बाबु। पत्नी : धनराज गुरुङ<br>बाजे/ससुरा : पर्त सि गुरुङ<br>ठेगाना : खिलुङ देउराली ६ स्याङ्जा<br>हाल : पोखरा १० कास्की<br>सम्पर्क नं : ९८५६०२६६४७<br><br>**धितो विवरण** : लाल बहादुर गुरुङको नाममा मालपोत कार्यालय कास्की र तनँहुमा दर्ता श्रेस्ता कायम रहेको रुपाकोट १ कास्की कि न.२९२३, २९२१<br>क्षेत्रफल ०-३-२-०, ०-२-२-२ रोपनी<br>फराकचौर ५ ख तनँहु कि.न.७१९,<br>क्षेत्रफल १-१२-०-२ रोपनी<br>केशबटार ६ क तनँहु कि.न.३०८,<br>क्षेत्रफल ५-८-०-० रोपनी |  | १. **नाम** : **देउकुमारी गुरुङ**<br>जन्म मिति : २०१५।०४।१२<br>ना.प्र.नं. : ४९०६<br>जारी मितिः : २०४५।०१।०६<br>बाबु। पत्नी : लाल बहादुर गुरुङ<br>बाजे/ससुरा : धनराज गुरुङ<br>ठेगाना : खिलुङ देउराली ६ स्याङ्जा<br>हाल : पोखरा १० कास्की<br>सम्पर्क नं : ९८०४१२७२१६<br><br>१. **नाम** : **धन बहादुर गुरुङ**<br>जन्म मिति : २०३७।११।०५<br>ना.प्र.नं. : ५३३७४<br>जारी मितिः : २०५६।०५।०३<br>बाबु। पत्नी : लाल बहादुर गुरुङ<br>बाजे/ससुरा : धनराज गुरुङ<br>ठेगाना : खिलुङ देउराली ६ स्याङ्जा<br>हाल : पोखरा १० कास्की<br>सम्पर्क नं : ९८१६६५२९११ | <br> |
| ३. | सदस्यता न : ९८१<br>१. **नाम** : **युवराज चन्द**<br>ना.प्र.नं. : ४२०<br>जारी मितिः : २०३९।०६।०१<br>बाबु : जित बहादुर चन्द<br>बाजे/ससुरा : रुद्र बहादुर चन्द<br>ठेगाना : राईपुर ४ तनहुँ<br>हाल : पोखरा ५ कास्की<br>**धितो विवरण** : श्री युबराज चन्दको नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको थामडाँडा १ तनहुँ कित्ता न. १००, १०२ क्षेत्रफल २-९-२-०, ०-५-२-२ |  | १. **नाम** : **धनमाया सेन चन्द**<br>पति : युबराज चन्द<br>बाजे/ससुरा : जित बहादुर चन्द<br>ठेगाना : राईपुर ४ तनहुँ<br>हाल : पोखरा ५ कास्की<br>सम्पर्क नं : ९८४६१८४२५३ |  |

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**
प्रधान कार्यालयः पोखरा-५, जिरो कि. मि.
फोनः ०६१-५७३३७५, ५७२२३६